# शिवराज राजपत्र

## शिवराज नगरपालिकाद्वारा प्रकाशित

खण्डः ५ संख्याः १ मितिः २०७८।०१।०५


## भाग–२

**शिवराज नगरकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।**

## अपाङ्गता संरक्षण कोष सञ्चालन कार्यविधि, २०७८

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी शिवराज नगरकार्यपालिकाले अपाङ्गता संरक्षण कोष सञ्चालन कार्यविधि, २०७८ जारी गरेको छ ।

**प्रस्तावनाः**

शिवराज नगरपालिका भित्रका आपतकालिन एवं जोखिम अवस्थामा रहेका अपाङ्गता भएका व्यक्तिहरु तत्काल संरक्षण, उद्धार, राहत र पारिवारिक पुर्नस्थापना गर्न तथा अपाङ्गता भएका व्यक्तिहरुको हकहितको संरक्षण र सम्बर्द्धन गर्नका लागि स्थानीय स्तरमा आर्थिक स्रोत सङ्कलन गरी परिचालन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी नगरपालिकाले यो **अपाङ्गता संरक्षण कोष सञ्चालन कार्यविधि, २०७८** तयार गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यो कार्यविधिको नाम **अपाङ्गता संरक्षण कोष सञ्चालन कार्यविधि, २०७८** रहेको छ।

ख) यो कार्यविधि नगर कार्यपालिकाको बैठकले स्वीकृत गरेको मिति देखि तुरुन्त लागू हुनेछ ।

२. **विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

क) कोष भन्नाले यस कार्यविधिको ४ नं. बुँदामा उल्लेख गरे बमोजिम स्थापना गरिएको नगर स्तरीय अपाङ्गता संरक्षण कोषलाई सम्झनु पर्दछ।

ख) "नगरपालिका" भन्नाले शिवराज नगरपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

ग) "वडा कार्यालय" भन्नाले शिवराज नगरपालिकाको वडा कार्यालयहरुलाई सम्झनु पर्दछ ।

घ) "नगर अपाङ्गता समन्वय समिति" भन्नाले शिवराज नगरपालिका भित्र गठित अपाङ्गता समन्वय समितिलाई बुझनु पर्दछ।

ङ) "आपतकालिन अवस्था एवं जोखिम अवस्थामा रहेका अपाङ्गता भन्नाले कार्यविधिको ११ नं. बुदाँमा उल्लेखित अपाङ्ता व्यक्तिलाई सम्झनु पर्दछ।

च) "सञ्चालक समिति" भन्नाले कार्यविधिको ५ नं. बुँदामा उल्लेख गरे बमोजीम गठन भएको समितिलाई सम्झनु पर्दछ।

**३. कोषको उद्देश्य**

क) जोखिम अवस्थामा रहेका अपाङ्गता व्यक्तिहरुको उद्धार गर्ने,

ख) जोखिम अवस्थामा रहेका अपाङ्गता व्यक्तिहरुलाई राहत उपलब्ध गराउने,

ग) जोखिम अवस्थामा रहेका अपाङ्गता व्यक्तिहरुलाई आवश्यक सहयोग उपलब्ध गराउने।

**४. कोषको स्थापना**

क) शिवराज नगरपालिकाको अपाङ्ग समन्वय समितिको बैठकबाट स्वीकृत भई जोखिम वा आपतकालिन अवस्थामा रहेका नगर भित्रका अपाङ्गता व्यक्तिको संरक्षण गर्न अपाङ्गता संरक्षण कोषको स्थापना गरिनेछ ।

ख) अपाङ्गता संरक्षण कोषमा देहाय बमोजिमको रकम जम्मा हुनेछ ।

१. संघिय तथा प्रदेश सरकारबाट प्राप्त हुने रकम,

२. शिवराज नगरपालिकाबाट यस कोषमा छुट्याई जम्मा गर्न पठाएको रकम,

३. विभिन्न संघ संस्था वा व्यक्तिबाट सहयोग स्वरुप प्राप्त हुने रकम आदि ।

**५. सञ्चालक समितिको गठन**

कोषको व्यवस्थापन सञ्चालन एवं स्रोतको खोजी गर्न देहाय बमोजिमाको नगर सञ्चालक समिति रहने छ ।

क) नगर सञ्चालक समिति :-

१. नगर उप प्रमुख - अध्यक्ष

२. प्रमुख प्रशासकीय अधिकृत - सदस्य

३. सामाजिक विकास समिति - सदस्य

४. स्वास्थ्य शाखा प्रमुख - सदस्य

५. अपाङ्ग नगर समिति प्रतिनिधि - सदस्य

६. अपाङ्गताको क्षेत्रामा कार्यरत विभिन्न गैर सरकारी संस्थाहरु मध्येबाट सञ्चालक समितिको अध्यक्षले तोकेको १ जना प्रतिनिधि - सदस्य

७. महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख - सदस्य सचिव

**६. सञ्चालक समितिको काम, कर्तव्य र अधिकार**

क) जोखिम अवस्थामा रहेका अपाङ्गता व्यक्तिको उद्धार गर्ने, स्वास्थ्योपचार गर्ने, पुनर्स्थापना गर्ने, त्यस्ता अपाङ्गतालाई राहत तथा अन्य सहयोग गर्ने सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा गर्ने,

ख) कुनै अपाङ्गता व्यक्ति जोखिम अवस्थामा भए वा नभएको निर्धारण गर्ने,

ग) सहयोगको आवश्यकता र उपलब्ध स्रोतको आधारमा सामाग्री वा नगद सहयोग गर्ने र सो को विवरण अद्यावधिक गर्ने,

घ) प्रत्येक ६ महिनामा कार्य प्रगति विवरण नगरपालिकामा पेश गर्ने,

ङ) अपाङ्ग समन्वय समितिसँग मिलेर जोखिम अवस्थामा रहेका अपाङ्गता व्यक्तिको तथ्याङ्क सङ्कलन गर्ने/गराउने,

च) अपाङ्गता संरक्षण कोष बृद्धिको लागि आवश्यक नीति र रचनात्मक क्रियाकलाप सञ्चालन गर्ने,

छ) कोषको आय-व्ययको विवरण अद्यावधिक गरी नगरपालिक, अपाङ्ग समन्वय समितिमा पेश गर्ने,

ज) कोषको बृद्धिमा सहयोग गर्ने संघ-संस्था वा व्यक्तिको विवरण अद्यावधिक गर्ने ।

**७. रकम उपलब्ध गराउन सक्ने**

१ अपाङ्गता भई अति जोखिममा रहेका विपन्न अपाङ्गता पीडितलाई तत्काल उद्धार, औषधी उपचार, पुर्नस्थापना, राहत तथा आर्थिक सहयोग गर्नु पर्ने देखिएमा सञ्चालक समितिको निर्णबाट रु. १०,०००।- सो भन्दा बढी रु. २०,०००।- सम्म अपाङ्ग समन्वय समितिबाट र रु. २०,०००।- भन्दा माथि कार्यपालिकाको निर्णयबाट दिन सक्ने ।

२ उपदफा १ बमोजिम अपाङ्ग पीडितलाई उपलब्ध गराएको रकम सञ्चालक समितिको बैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ ।

**८. सञ्चालक समितिले गर्न नहुने कामहरु**

क) कोषको रकम हिना मिना गर्ने वा कोषको उद्देश्य विपरित समितिको कुनै सदस्य वा अन्य कुनै व्यक्तिलाई लगानी गर्न,

ख) आपतकालिन अवस्थाका अपाङ्गता व्यक्तिहरुको तत्काल उद्धार तथा संरक्षण गर्ने कार्य बाहेक अन्य कार्यमा कोषको रकम खर्च गर्न,

ग) कोषको रकम प्रशासनिक कार्यमा खर्च गर्न ।

**९. सञ्चालक समितिको बैठक**

सञ्चालक समितिको बैठक देहाय बमेजिम बस्ने छ ।

क) सञ्चालक समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ,

ख) बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ,

ग) सञ्चालक समितिले सहमतिका आधारमा निर्णय गर्नेछ,

घ) सञ्चालक समितिको निर्णय सदस्य सचिवले अध्यावधिक गर्ने छ,

ङ) सञ्चालक समितिको सम्पर्क स्थान शिवराज नगरपालिकाको महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखामा रहने छ ।

**१०. आपतकालिन एवं जोखिम अवस्थाका अपाङ्गता अन्तर्गत देहायका व्यक्तिहरु पर्दछन्**

क) अति जोखिम अवस्थमा रहेका अपाङ्गता भएका व्यक्ति,

ख) अपाङ्गता भएका व्यक्तिको घरको आर्थिक अवस्था कमजोर रहेको,

ग) अपाङ्गता भएका व्यक्तिको कोही अभिभावक वा संरक्षक नरहेको र अवस्था नाजुक रहेमा,

घ) सञ्चालक समितिको निर्णयबाट छनोट भएको आपतकालिन अवस्थामा रहेको अपाङ्ग व्यक्ति ।

**११. निवेदन दिन सक्ने**

यस कार्यविधिको ११ नं बुँदामा उल्लेख गरिएका अपाङ्गता भएका व्यक्तिहरुको उद्धार तथा राहतको लागि आफ्नो परिच खुल्ने गरी शिवराज नगरपालिका वा सम्बन्धित वडाहरुमा बसोबास गर्ने जोसुकै सरोकारवाला व्यक्तिले शिवराज नगरपालिका नगर कार्यपालिका अन्तर्गत महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा र वडा कार्यालयमा विस्तृत विवरण खुल्ने गरी निवेदन दिन सक्नेछ ।

**१२. खाताको सञ्चालन तथा लेखापरिक्षण**

(१) अपाङ्गता संरक्षण कोषको रकम समितिको निणर्यले कुनै बाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(२) दफा १३ को उपदफा १ बमोजिमको खाताको सञ्चालन नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत र लेखा शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ तथा कोषको लेखा परिक्षण महालेखा परिक्षकको विभागबाट हुनेछ ।

**१३. कोषको रकम फ्रिज नहुने**

प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि कोषको रकम खर्च नभए आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

**१४. कार्यविधिको व्याख्या तथा संशोधन**

यस कार्य विधिमा भएका व्यवस्थाहरुमा कुनै विवाद आएमा कानून बमोजिम अन्तिम निर्णय गरिनेछ । साथै संशोधन आवश्यक भएमा कार्यपालिकाले अपाङ्ग समन्वय समितिको राय लिई नगर कार्यपालिकाले कार्यविधि संशोधन गर्न सक्नेछ ।

**१५. कोष खारेज हुन सक्ने अवस्था**

कनै कारण बस अपाङ्गता संरक्षण कोष सञ्चालन गर्न आवश्यक नभएमा प्रयाप्त कारणहरु सहित नगर कार्यपालिकाले सञ्चालक समितिको राय लिई कार्यपालिका तथा अपाङ्गता समन्वय समितिको संयुक्त निणर्यले खारेज गर्न सक्नेछ र कोष खारेज भएमा कोषमा रहेको रकम नगरपालिकाको संचित कोष खातामा जम्मा हुनेछ ।

**आज्ञाले,**
**गणेश प्रसाद अर्याल**
**प्रमुख प्रशासकीय अधिकृत**